# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल


प.सं. : ०७५।०७६
च.नं. : ३५९६

मिति : २०७६/०१/०८

विषय : बेरोजगार दर्ताका लागि निवेदन दिने म्याद थप भएको सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
रत्ननगर नगरपालिका ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम बाट **न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने म्याद थप गरिएको सुचना** अनुसार आगामी आर्थिक वर्ष २०७६।७७ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने म्याद २०७६ साल वैशाख मसान्तसम्मका लागि थप गरिएको हुँदा न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक बेरोजगार व्यक्तिबाट आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा निबेदन संकलन गर्ने व्यबस्थाका लागी आवश्यक समन्वय गरी दिनु हुन अनुरोध छ ।

पुनश्च : निवेदन दिने म्याद थप बारेको सूचना यसै पत्रसाथ संलग्न गरिएको छ । उक्त सूचना आ-आफ्नो कार्यालयको सूचनापाटीमा टाँसी सोको जानकारी रत्ननगर नगरपालिकाको कार्यालयमा पठाउनका लागि अनुरोध गरिन्छ ।

(अर्जुन पंगेनी)
अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

### न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने म्याद थप गरिएको सूचना !!!

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्वन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६।७७ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने म्याद २०७६ साल वैशाख मसान्तसम्मका लागि थप गरिएको हुँदा ईच्छुक बेरोजगार व्यक्तिहरुले आफू स्थायी बसोबास गरेको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।